# पर्सागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

Parsagadhimun2075@gmail.com
ito@parsagadhimun.gov.np
info@parsagadhimun.gov.np
९८५५०११११२


प.सं.– २०८२/०८३

च.नं.–

## सामाजजिक सुरक्षा भत्ता परिचपत्र नविकरण सम्बन्धी अत्यन्तै जरुरी सूचना।

### सूचना प्रकाशित मिति :२०८३।०३।२९

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम (४) वमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण १ गते देखि ऐ भाद्र मसान्त सम्म दुई महिना) सम्वन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण Biometric Fingerprint Scanner वा Iris डिभाईस प्रणालीद्धारा हुने हुदा तपशिलमा उल्लेखित कागजात सहित अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नु/गराउनु हुन अनुरोध छ ।

**नोट:-** म्याद भित्र नविकरण नभएका लाभग्राहिको लगत कट्टा हुने र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहिमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेको

**सामाजिक सुरक्षा परिचयपत्र नविकरणका लागि आवश्यक पर्ने कागजातहरु:**

- नेपाली नागरिकताको प्रतिलिपी १ प्रति
- राष्ट्रिय परिचयपत्रको प्रतिलिपी १ प्रति
- सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी १ प्रति
- मोवाईल नम्वर (अनिवार्य)
- चेकवुकको खाता नम्वर देखिने गरि प्रतिलिपी १ प्रति
- वालवालिकाको हकमा जन्मदर्ता र संरक्षकको नागरिकताको प्रतिलिपी १ प्रति
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्र र अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस १ प्रति
- एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति
- अपाङता भएका व्यक्तिको हकमा यस पर्सागढी नगरपालिका कार्यालयवाट जारी भएको अपाङता परिचयपत्रको प्रतिलिपी १ प्रति
- हालको ठेगाना भन्दा नागरिकतामा भएको स्थायी ठेगाना फरक परेमा वसाईसराई प्रमाणपत्रको प्रतिलिपी १ प्रति अनिवार्य

राजु प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

बोधार्थ:-

श्री नगर प्रमुख/ नगर उप प्रमुख ज्यूको सचिवालय, जानकारीका लागि।

श्री ९ वटै वडा अध्यक्ष ज्यूहरु जानकारीका लागि ।

श्री सूचना तथा प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन ।



CamScanner